# गैडहवा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३, विष्णुपुरा, रुपन्देही

लुम्बीनी प्रदेश,नेपाल

## अनुदानमा स्प्रे वितरण कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०१/१२

प्रस्तुत विषयमा चालु आ व २०७७/७८ मा यस गैडहवा गाउँपालिकाको स्विकृत कार्यक्रम र मुख्यमन्त्री ग्रामिण विकास तथा रोजगार कार्यक्रम अन्तरगत अनुदानमा ईलेक्ट्रीक स्प्रे टंकी वितरण कार्यक्रम संचालन गरिने भएको हुँदा इच्छुक कृषकले सुचनामा माग भएका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र (२०७८/१/२६ गते सम्म) निर्धारीत ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| क्र स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | आवश्यक कागजात | अनुदान रकम |
|---|---|---|---|---|
| १ | अनुदानमा ईलेक्ट्री स्प्रेयर वितरण कार्यक्रम | गैडहवा गाँउपालिका का सबै वडा | - निवेदन<br>- नागरिकताको प्रतिलिपी<br>- वडा कार्यालयको सिफारीस | ५० प्रतिशत अनुदान |

बिस्तृत जानकारीका लागिः गैडहवा गाँउपालिका कृषि विकास शाखा गैडहवा -३ विष्नुपुरा रूपन्देहीमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्बरः- ९८६७४२३२१६/ ९८५७०३९२८२/ ९८६७७४८४७५

०७८/१/१२

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा- ३, बिष्णुपुरा, रुपन्देही

लुम्वीनी प्रदेश,नेपाल

## कोभिड विशेष कृषि कार्यक्रमको प्रस्ताव आव्हान सम्बन्धि सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०१/१२

प्रस्तुत विषयमा चालु आ व २०७७/७८ मा यस गैडहवा गाउँपालिकाको स्विकृत कार्यक्रम अनुसार प्रदेश सरकारबाट ससर्त अनुदान तर्फ प्राप्त कोभिड विशेष कृषि कार्यक्रम अन्तरगत कार्यक्रमहरु संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक कृषक /कृषक समुह/ कृषि सहकारी / कृषि फर्महरुले सुचनामा माग भएका कागजातहरु सहित सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (२०७८/०१/१९ गते सम्म) निर्धारीत ढाँचाको आवेदन भरी कार्यालय समय भित्र आवेदन पेश गर्न अनुरोध छ ।

तपशिल

| क स | कार्यक्रमको नाम | कार्यक्रम संचालन हुने स्थान | क्षेत्रफल | आवश्यक कागजात | अनुदान रकम |
|---|---|---|---|---|---|
| १ | कोभिड प्रभावित भई गाँउ फर्केका कृषकहरुलाई उत्पादन सामाग्रीमा अनुदान | गैडहवा गाँउपालिकाका सबै वडा | -बालिवस्तुमा कम्तिमा ५ कठ्ठा<br>-मौरीपालन कम्तिमा ५ घार वा गोला<br>-च्याउ खेती एक टनेल वा १०० बल<br>-कुखुरा न्युनतम ५० चल्ला<br>-बाख्रा र बङ्गुर कम्तिमा ५ पाठापाठी | -कार्यलयले उपलब्ध गराएको आवेदन फारम<br>-नागरीकताको प्रतिलिपी<br>-खेति गर्ने जग्गाको लालपुर्जाको फोटोकपि<br>-कोभिडको अवधिमा विदेश बाट फर्किएको प्रमाणको प्रतिलिपी साथै भारतबाट आएको हकमा सम्बन्धित वडा कार्यालयले छानविन गरी कोभिडको अवधिमा आएको खुल्नेगरि सिफारिस हुनुपर्ने ।<br>-परिवारको कुनै सदस्य बैदेशिक रोजगारमा नभएको नेपालभित्र सरकारी वा निजी क्षेत्रमा रोजगारीमा नभएको स्वरोजगारबाट मासिक रु १००००।- भन्दा बढि आम्दानी नभएको र एकै परिवारबाट १ जना भन्दा बढी नहुने गरी वडा कार्यालयको सिफारिस पत्र ।<br>-कार्यालयले उपलब्ध गराएको ढाँचामा कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा । | रू २००००।- वा विल रकमको ५० प्रतिशत रकम जुन कम हुन आउछ । |

०८५/१/१२

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

# गैडहवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

गैडहवा-३ विष्णपुरा, रूपन्देही

लुम्वीनी प्रदेश,नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| २ | एक स्थानिय तह एक उत्पादन (मकै बाली) | गैडहवा गाँउपालिका का सबै वडा | - ब्यक्तीको हकमा न्युनतम ५ कठ्ठामा र समुह/सहकारीको हकमा न्युनतम ५० कठ्ठामा खेति गर्नुपर्ने छ । | -कार्यलयले उपलब्ध गराएको आवेदन फारम<br>-नागरीकताको प्रतिलिपी<br>-खेति गर्ने जग्गाको लालपुर्जाको फोटोकपि<br>-सम्बन्धित वडाकार्यालयको कार्यक्रम सचांलनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम उपलब्ध गराउन उपयुक्त हुने ब्यहोराको सिफारिस पत्र<br>-समुह वा सहकारीको हकमा कार्यसमितिको निर्णय/दर्ता प्रमाण पत्र/सहकारी भए अडिट तथा कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी<br>-कार्यालयले उपलव्ध गराएको ढाँचामा कार्यक्रमको संक्षिप्त व्यवसायिक कार्ययोजनाको ढाँचा । | रू २००००। – वा विल रकमको ५० प्रतिशत रकम जुन कम हुन आउछ । |

नोटः बिगतका बर्षमा सोहि प्रकृतिको अनुदान पाएको भए अनुदान उपलब्ध गराईने छैन ।

बिस्तृत जानकारीका लागिः गैडहवा गाँउपालिका कृषि विकास शाखा गैडहवा -३ विष्नुपुरा रूपन्देहीमा सम्पर्क राख्नुहोला । सम्पर्क नम्बरः- ९८६७४२३२१६/ ९८५७०३९२८२/ ९८६७७४८४७५

२०७८/१/१५

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## सुचिकृत हुन आउने बारेको सुचना

प्रथम पटक प्रकाशित मिति २०७८/०१/०८